# तारकेश्वर नगरपालिकाको घरेलु श्रमिक तथा गृह श्रमिकहरूको सर्वेक्षणको प्रतिवेदन

**प्रतिवेदक: तरंगिनी फाउन्डेसन**

**२०८२**

# विषयसूची

१. सारांश ........ १
२. परिचय ........ २
३. पृष्ठभूमि र औचित्य ........ २
४. उद्देश्य ........ ३
५. कार्यप्रणाली ........ ४
६. सर्वेक्षणका परिणामहरु ........ ४
६.१ जनसांख्यिक विवरण ........ ४
६.१.१ प्रत्येक तथ्यांक संकलनकर्ताद्वारा सङ्कलन गरिएको कुल तथ्यांक ........ ४
६.१.२ प्रत्येक वडाबाट सङ्कलन गरिएको कुल तथ्यांक ........ ६
६.१.३ जातीयता ........ ७
६.१.४ उमेर वर्गीकरण ........ ७
६.१.५ शैक्षिक योग्यता ........ ८
६.१.६ स्थायी ठेगाना ........ ९
६.१.७ वैवाहिक स्थिति ........ १०
६.१.८ कामको प्रकृति ........ १०
६.२ घरेलु श्रमिक ........ ११
६.२.१ घरेलु काममा संलग्न वर्षहरू ........ ११
६.२.२ .फुल टायम र पार्ट टाइम )Full time and Part Time) ........ ११
६.२.३ दैनिक काम गर्ने समयावधि ........ १२
६.२.४ कसरी घरेलु श्रममा संलग्न भएको ........ १३
६.२.५ विभिन्न प्रकारका घरायसी काममा संलग्नता ........ १३
६.२.६ मासिक तलब ........ १४
६.२.७ कार्यस्थलमा बिदाको प्रावधान ........ १५
६.२.८ काममा बिदा माग्दा मौखिक दुर्व्यवहार ........ १५
६.२.९ कामप्रति सन्तुष्टि ........ १६

६.२.१० कार्यस्थलमा काम कसरी अर्हाउँछन् ........ १७
६.२.११ कार्यस्थलमा कुनै भेदभाव/दुर्व्यवहार ........ १७
६.२.१२ कार्यस्थलमा आफ्नो बच्चामाथि दुर्व्यवहार ........ १८
६.२.१३ कामप्रति परिवारको सम्मान ........ १८
६.२.१४ कामप्रति समाजको सम्मान ........ १९
६.२.१५ कार्यस्थलबाट लिखित सम्झौता ........ १९
६.२.१६ श्रम संगठनसँग आबद्द ........ २०
६.२.१७ नेपाल सरकारले अनिवार्य गरेको न्यूनतम ज्यालाबारे जानकारी ........ २०
६.२.१८ मानव अधिकार उल्लङ्घनबारे जानकारी ........ २१
६.२.१९ ओभरटाइम कामको लागि थप भुक्तानी ........ २२
६.२.२० चाडपर्वहरूमा बोनस वा अन्य कुनै पनि सुविधाहरू ........ २२
६.२.२१ मासिक आम्दानीमा सन्तुष्टि ........ २३
६.२.२२ स्वास्थ्य बिमा ........ २३
६.२.२३ स्व-हेरचाहको बारे जानकारी ........ २४
६.२.२४ कुनै पनि संस्थाले स्व-हेरचाह तालिम दिएको ........ २५
६.२.२५ मनोसामाजिक परामर्शबारे जानकारी ........ २५
६.२.२६ मनोसामाजिक परामर्शको आवश्यकता ........ २६
६.२.२७ थप सिपको आवश्यकता ........ २६
६.३ गृह श्रमिक ........ २७
६.३.१ हाल संलग्न कामहरु ........ २७
६.३.२ गृह श्रमिकको रूपमा संलग्न भएको समयावधि ........ २८
६.३.३ दैनिक काम गर्ने समयावधि ........ २८
६.३.४ गृह श्रममा कसरी संलग्न भएको ........ २९
६.३.५ मासिक तलब ........ ३०
६.३.६ काममा बिदाको प्रावधान ........ ३०
६.३.७ छुट्टी पाउने अन्तराल ........ ३१

६.३.८ बिदाको व्यवस्था ........ ३१

६.३.९ बिदा माग्दा मौखिक दुर्व्यवहार ........ ३२

६.३.१० कामप्रति सन्तुष्टि ........ ३२

६.३.११ आफ्नो कामप्रति परिवारको सम्मान ........ ३३

६.३.१२ कामप्रति समाजको सम्मान ........ ३४

६.३.१३ गृह श्रमिकको रूपमा दर्ता भएको ........ ३४

६.३.१४ कार्यस्थलबाट लिखित सम्झौता ........ ३५

६.३.१५ कुनै श्रम संगठनसँग आबद्ध ........ ३५

६.३.१६ नेपाल सरकारले तोकेको न्यूनतम ज्याला बारे जानकारी ........ ३६

६.३.१७ मानव अधिकार उल्लङ्घन बारे जानकारी ........ ३७

६.३.१८ ओभरटाइम काम गरेबापत थप भुक्तानी ........ ३७

६.३.१९ ओभरटाइम भुक्तानीसँग सन्तुष्टि ........

६.३.२० चाडपर्वहरूमा बोनस वा अन्य सुविधाहरू ........ ३८

६.३.२१ मासिक आम्दानीमा सन्तुष्टि ........ ३९

६.३.२२ स्वास्थ्य बिमा ........ ३९

६.३.२३ स्व-हेरचाहबारे जानकारी ........ ४०

६.३.२४ कुनै पनि संस्थाद्वारा प्रदान गरिएको स्व-हेरचाह तालिम ........ ४०

६.३.२५ मनोसामाजिक परामर्शको बारेमा जानकारी ........ ४१

६.३.२६ मनोसामाजिक परामर्शको आवश्यकता ........ ४२

६.३.२७ थप सिपको आवश्यकता ........ ४२

७. घरेलु र गृह श्रमिकहरूको सर्वेक्षणबाट प्राप्त प्रमुख निष्कर्षहरू ........ ४३

८. सिफारिसहरू ........ ४४

९. निष्कर्ष ........ ४४

## चार्टहरुको सूचि


चार्ट १ तथ्यांक संकलनकर्ताले संकलन गरेको तथ्यांकको संख्या ..... ५
चार्ट २ हरेक वडाबाट संकलन गरिएको कुल तथ्यांक ..... ६
चार्ट ३ जातियता ..... ७
चार्ट ४ उमेर वर्गीकरण ..... ८
चार्ट ५ शैक्षिक योग्यता ..... ८
चार्ट ६ स्थायी ठेगाना ..... ९
चार्ट ७ वैवाहिक स्थिति ..... १०
चार्ट ८ घरेलु तथा गृह श्रमिकको संख्या ..... १०
चार्ट ९: घरेलु श्रमिकको रुपमा कार्यरत अवधि ..... ५
चार्ट १०: पूर्ण-समय र आंशिक-समय ..... ६
चार्ट ११: दैनिक काम गर्ने समयावधि ..... ७
चार्ट १२: घरेलु श्रममा कसरी संलग्न भएको ..... ८
चार्ट १३: घरायसी कामको प्रकार ..... ८
चार्ट १४: मासिक तलब ..... ९
चार्ट १५: कार्यस्थलमा बिदाको प्रावधान ..... १०
चार्ट १६: बिदा माग्दा मौखिक दुर्व्यवहार ..... १०
चार्ट १७: काममा सन्तुष्टता ..... ५
चार्ट १८: कार्यस्थलमा काम कसरी अर्हाउँछन् ..... ६
चार्ट १९: कार्यस्थलमा कुनै भेदभाव / दुर्व्यवहार ..... ७
चार्ट २०: कार्यस्थलमा आफ्नो बच्चालाई दुर्व्यवहार ..... ८
चार्ट २१: कामप्रति परिवार सम्मान ..... ८
चार्ट २२: कामप्रति समाजको सम्मान ..... ९
चार्ट २३: कामबाट गर्ने ठाउँबाट लिखित सम्झौता ..... १०
चार्ट २४: श्रम संगठनसंग आबद्ध ..... १०
चार्ट २५: न्युनतम पारिश्रमिकबारे जानकारी ..... ५
चार्ट २६: मानव अधिकार उल्लङ्घनबारे जानकारी ..... ६
चार्ट २७: ओभर टाइम काम गर्दा थप भुक्तानी ..... ७
चार्ट २८: चाडपर्वको बेला बोनस वा थप सुबिधा ..... ८
चार्ट २९: मासिक आम्दानीदेखि सन्तुष्ट ..... ८
चार्ट ३०: स्वास्थ्य बिमा ..... ९
चार्ट ३१: स्व हेरचाहबारे जानकारी ..... १०
चार्ट ३२: कुनै संघ संस्थाले स्व हेरचाह तालिम दिएको ..... १०
चार्ट ३३: मनोसामाजिक परामर्श जानकारी ..... ५

चार्ट ३४: मनोसामाजिक परामर्श सेवाको आवश्यकता महशुस भएको ....................................................................६
चार्ट ३५: थप सिपको आवश्यकता ..........................................................................................................७
चार्ट ३६: हाल संलग्न कामहरु ..............................................................................................................८
चार्ट ३७: गृह श्रममा संलग्न  भएको समयावधि .........................................................................................८
चार्ट ३८: दैनिक काम  गर्ने समयावाधि......................................................................................................९
चार्ट ३९: गृह श्रममा कसरी जोडिएको.................................................................................................. १०
चार्ट ४०: काम तलब.......................................................................................................................... १०
चार्ट ४१: काममा छुट्टीको व्यवस्था ..........................................................................................................५
चार्ट ४२: छुट्टी पाउने अन्तराल..................................................................................................................६
चार्ट ४३: बिदाको व्यवस्था ....................................................................................................................७
चार्ट ४४: बिदा माग्दा मौखिक दुर्व्यवहार......................................................................................................८
चार्ट ४५: काममा सन्तुष्टता.....................................................................................................................८
चार्ट ४६: कामप्रति परिवारको सम्मान ........................................................................................................९
चार्ट ४७: कामप्रति समाजको सम्मान........................................................................................................ १०
चार्ट ४८: दर्ता भएको......................................................................................................................... १०
चार्ट ४९: काम गर्ने ठाउँबाट लिखित सम्झौता प्राप्त .......................................................................................५
चार्ट ५०: कुनै श्रम संगठनसँग आबद्ध .........................................................................................................६
चार्ट ५१: न्युनतम पारिश्रमिकबारे जानकारी..................................................................................................७
चार्ट ५२: मानव अधिकार उल्लङ्घनबारे जानकारी...........................................................................................८
चार्ट ५३: ओभरटाइम काम गरेबापत थप भुक्तानी ..........................................................................................८
चार्ट ५४: चाडपर्वको बेला बोनस वा अन्य सुबिधा......................................................................................... १०
चार्ट ५५: मासिक आम्दानीमा सन्तुष्ट........................................................................................................ १०
चार्ट ५६: स्वास्थ्य बिमा .......................................................................................................................५
चार्ट ५७: स्व-हेरचाह बारे जानकारी .........................................................................................................६
चार्ट ५८: स्व -हेरचाह तालिम प्राप्त............................................................................................................७
चार्ट ५९: मनोसामाजिक परामर्श जानकारी...................................................................................................८
चार्ट ६०: मनोसामाजिक परामर्शको आवश्यकता महशुस ..................................................................................८
चार्ट ६१: थप सिपको आवश्यकता ..........................................................................................................९

# १. सारांश

तारकेश्वर नगरपालिकाको सहयोगमा तरंगिनी फाउन्डेसनले यस नगरपालिकाका सबै ११ वटा वडाहरूमा १,१२५ श्रमिकहरू (४२९ घरेलु श्रमिक र ६९६ गृह श्रमिक) मा गरिएको सर्वेक्षणका आधारमा घरेलु श्रमिक र गृह श्रमिकहरूको पहिलो व्यवस्थित मूल्याङ्कन प्रतिवेदन तयार पारिएको छ, र यस सर्वेक्षणले महिला श्रमिकहरुको ज्याला, काम गर्ने अवस्था, कानुनी सुरक्षा र सामाजिक सुरक्षामा गम्भीर चुनौतीहरू रहेको प्रस्तुत गर्दछ।

यो सर्वेक्षणमा संलग्न श्रमिकहरु मुख्यतया काम गर्ने उमेरका रहेको देखिन्छ, जसमा १०९० श्रमिक (९७%) १९-६० वर्ष उमेर समूहका छन्, भने २६-४० उमेर समूहका ६२५ श्रमिक (५६%) समावेश छन्। यस सर्वेक्षणले घरेलु श्रमिकहरू को शैक्षिक उपलब्धि कम रहेको देखाएको छ, जसमा ३०९ श्रमिक (२८%) ले कुनै औपचारिक शिक्षा हाँसिल नगरेका र २६० श्रमिक (२३%) ले ८ कक्षा समेत उतिर्ण नगरेको देखिन्छ। अधिकांश श्रमिक विवाहित छन् (९५८ श्रमिक, ८५%),र जातीयताले हेर्दा धैरै श्रमिकहरु जनजाति (५४१ श्रमिक, ४८%) समुदायका रहेका छन्।

यो सर्वेक्षण अनुसार ३०८ घरेलु श्रमिकहरू पूर्ण-समय रोजगारीमा संलग्न रहेको देखिन्छ, जसमा मुख्यतया घर सफा गर्ने (२२ श्रमिक), बाल हेरचाह र वृद्धवृद्धाको हेरचाह (९ श्रमिक), र सबै घरायसी काम (११७ श्रमिक) जस्ता घरायसी कामहरुमा संलग्न रहेको देखिन्छ। लगभग ११४ श्रमिकहरू (२७%) ले दैनिक ८ घण्टाभन्दा बढी काम गर्ने रिपोर्ट गरेका छन्, जसमध्ये २४३ श्रमिकहरू (५७%) ले ओभरटाइम कामको लागि कुनै थप तलब नपाएको बताएका छन्। यसलाई हेर्दा औपचारिक सुरक्षाको गम्भीर अभाव रहेको देखिन्छ। ३८७ श्रमिकहरू (९०%) सँग कुनै लिखित रोजगार सम्झौता छैन र ३५१ श्रमिकहरू (८२%) सरकारले तोकेको न्यूनतम ज्यालाको बारेमा अनभिज्ञ रहेको देखिन्छ। ४०२ श्रमिकहरूले (९४%) बिदाको लागि अनुरोध गर्दा कुनै मौखिक दुर्व्यवहार नभएको रिपोर्ट गरे पनि, २७ श्रमिकहरू (६%) ले दुर्व्यवहार भोगेको जानकारी गराएका छन् र १५ श्रमिकहरू (३.५%) ले कार्यस्थलमा आफ्ना बालबालिकाहरूमाथि दुर्व्यवहार भएको बताएका छन्।

यसै गरी गृह श्रमिकहरू पनि यस्तै जोखिममा परेको तथ्यांकले देखाएको छ, जसमा २४५ श्रमिकहरू (३५%) ले प्रति महिना ५,००० रुपैयाँभन्दा कम तलब पाएको उल्लेख गरेका छन् र ४४१ श्रमिकहरू (६३%) ले ओभरटाइम काम गरे बापत थप भुक्तानी नपाएको बताएका छन्। यो क्षेत्र अत्याधिक अनौपचारिकताबाट ग्रस्त रहेको देखिन्छ। ६७६ श्रमिकहरू (९७%) सँग लिखित सम्झौता नभएको र ५६१ श्रमिकहरू (८१%) लाई सरकारले तोकेको न्यूनतम ज्यालाको बारेमा थाहा नभएको अवस्था यस सर्वेक्षणले देखाएको छ। ६६७ श्रमिकहरू (९६%) गृह श्रमिकको रूपमा कतै पनि दर्ता नभएको, ५४९ श्रमिकहरू (७९%) ले कुनै चाडपर्व बापत लाभ नपाएको र ५०४ श्रमिकहरू (७२%) ले स्वास्थ्य बीमा नगरेको तथ्यांकले दर्साएको छ। यसो हेर्दा गृह श्रमिकहरुमा जागरूकताको अभाब रहेको देखिन्छ, १३३ श्रमिकहरू (१९%) ले मनोसामाजिक परामर्शको आवश्यकता व्यक्त गरे तापनि ४८४ श्रमिकहरू (७०%) मनोसामाजिक परामर्श सेवाहरूबारे अपरिचित र जानकार नभएको बताएका छन्।

यी निष्कर्षहरूले श्रमको अनौपचारिकता, लैङ्गिक असमानता र सामाजिक-आर्थिक सीमान्तीकरणका समस्याहरूलाई एकीकृत रुपमा समाधानको आवश्यकता रहेको देखाएको छ। यी चुनौतीहरूलाई सम्बोधन गर्न, यस नगरपालिकाले श्रम डेस्क स्थापना गर्ने र अनौपचारिक क्षेत्रका रोजगारलाई औपचारिक बनाउन लिखित सम्झौताहरू अनिवार्य गर्ने, न्यूनतम ज्याला लागू गर्नुपर्ने र गुनासो सुनुवाई संयन्त्रहरूको बारेमा जागरूकता बढाउन वडा-स्तरीय श्रम अधिकार कार्यशालाहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदानमा आधारित स्वास्थ्य बीमा

योजनाहरू र अनिवार्य चाडपर्व भत्ताहरू मार्फत सामाजिक सुरक्षालाई सुदृढ पारिनुपर्छ, साथै रोजगारदाता शिक्षा कार्यक्रमहरूको आयोजनाले मर्यादित कार्यस्थल अभ्यासहरूलाई प्रवर्द्धन गर्न मद्धत पुर्याउँछ । गृह श्रमिकहरूको लागि, नगरपालिकाले बजारसँगको सम्बन्ध विस्तार र सीप तालिमलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । मानसिक स्वास्थ्यबारे रहेको गलत धारणा विरुद्ध लड्न र परामर्श आवश्यक रहेका श्रमिकहरूलाई लक्षित गर्दै मनोसामाजिक सहायता प्रणालीहरू विकास गर्नुपर्ने देखिन्छ ।

तारकेश्वर नगरपालिकाले यी प्रमाणमा आधारित सिफारिसहरू कार्यान्वयन गरी अदृश्य श्रमिकहरूलाई स्थानीय आर्थिक विकासमा मान्यता प्राप्त योगदानकर्ताका रूपमा स्थापित गर्न सक्दछ । त्यसैगरी यस नगरपालिकाले श्रम नीतिहरु लागु गर्ने अग्रणी पालिकाको रुपमा भुमिका खेल्दै नेपालभरका शहरी नगरपालिकाहरुका लागि एक अनुकरणीय  नगरपालिकाको रुपमा स्थापित हुन सक्दछ ।

## २. परिचय

तारकेश्वर नगरपालिका, नेपालको बागमती प्रदेशको काठमाडौँ जिल्लाको उत्तरपश्चिमी भागमा अवस्थित एक नगरपालिका हो। आधिकारिक रूपमा डिसेम्बर २, २०१४ मा स्थापित, यो सात पूर्व गाउँ विकास समितिहरू: धर्मस्थली , फुटुङ , गोलढुङ्गा , जितपुरफेदी , काभ्रेस्थली , मनमैजु र साङ्लालाई मिलाएर गठन गरिएको थियो। शिवपुरी राष्ट्रिय निकुञ्जको फेदमा अवस्थित यस नगरपालिकाले पूर्वमा टोखा नगरपालिका, पश्चिममा नागार्जुन नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा काठमाडौँ महानगरपालिकासँग सिमाना बाँडेको छ । तारकेश्वर नगरपालिकामा सांस्कृतिक विविधता छ। यहाँ ब्राह्मण, क्षेत्री , नेवार , तामाङ र मगर लगायतका प्रमुख जातीय समूहहरू छन् । प्रशासनिक रूपमा, यो नगरपालिका ११ वडामा बाँडिएको छ र हाल मेयर कृष्ण हरि महर्जन र उपमेयर सिर्जना बुर्लाकोटीद्वारा नेतृत्व गरिएको छ।

घरेलु तथा गृह श्रमिकहरू नेपालको अनौपचारिक अर्थतन्त्रका मेरुदण्ड हुन्, तर पनि उनीहरूको श्रमलाई निरन्तर अवमूल्यन गरिएको छ र सुरक्षित तथा सम्मानजनक श्रम अधिकारबाट वञ्चित गरिएको छ। ILO महासन्धि १८९ ले घरेलु श्रमिकको अधिकारलाई मान्यता दिए पनि, कार्यान्वयनको खाडल कायमै छ, घरेलु श्रमिक र गृह श्रमिकहरू नीतिगत ढाँचामा धेरै हदसम्म अदृश्य छन्। धेरै महिलाहरू जीविकोपार्जनका लागि घरेलु काममा संलग्न छन्, भने गृह श्रमिकहरू आफ्नै घरभित्र बसेर रोजगारदाताका लागि वस्तु तथा सेवा उत्पादन गर्छन्। श्रमिकहरूको यस श्रमले परिवारको दैनिक आवश्यकता पूरा गर्नमात्र नभई अर्थतन्त्रको समृद्धिमा समेत महत्वपूर्ण भूमिका खेल्दछ। श्रमका यी रूपहरूको बढ्दो प्रचलनलाई पहिचान गर्दै, तरंगिनी फाउन्डेसनले तारकेश्वर नगरपालिकाको सहयोगमा यस नगरपालिकामा रहेका महिला घरेलु श्रमिक र गृह श्रमिकहरूको वर्तमान अवस्था, चुनौती र आवश्यकताहरूको मूल्याङ्कन गर्न सर्वेक्षण संचालन गरेको हो।

## ३. पृष्ठभूमि र औचित्य

अन्तर्राष्ट्रिय श्रम संगठन (IL0) महासन्धि १८९ अनुसार, घरेलु श्रमिक भन्नाले रोजगार सम्बन्ध अन्तर्गत अरुको घरको घरेलु कामहरूमा संलग्न कुनै पनि व्यक्तिलाई बुझिन्छ । विश्वव्यापी रूपमा, अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को अनुमान अनुसार लगभग ६ करोड ७० लाख घरेलु श्रमिकहरू रहेका छन्, जसमध्ये लगभग ८० प्रतिशत महिला रहेको देखिन्छ । नेपालको सन्दर्भमा, लगभग २००,००० घरेलु श्रमिकहरू  रहेको अनुमान गरिएको छ, जसमध्ये अधिकांश महिला रहेका छन् ।

घरपरिवार सुचारु रूपमा सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका खेले तापनि, घरेलु श्रमिकहरूले पाउनुपर्ने सम्मान पाएको देखिदैन। घरेलु श्रमलाई अझै पनि उचित मूल्याङ्कन गरिएको छैन र प्रायः वास्तविक कामको रूपमा मान्यता दिइएको छैन । धेरै घरहरूमा, श्रमिकहरुले भेदभाव र दुर्व्यवहारको सामना गर्छन् । यसका साथै अत्यन्तै कम ज्याला, काम गर्ने समय अवधि, र उचित बिदा वा आरामको अभाव जस्ता कठोर अवस्थाहरूले घरेलु श्रमिकहरूलाई निरन्तर पीडा र ओझेलमा पारेको छ ।

गृह श्रमिकहरूले आफ्नै घरबाट आय आर्जन गर्ने गतिविधिहरू गर्छन । प्रायः बाह्य रोजगारदाता वा बजारका लागि सामान वा सेवाहरू उत्पादन गर्छन् । घरमा आधारित श्रमिकहरू गलैंचा र पश्मिना बुनाई, हस्तकला, टोकरी बनाउने, खाद्य उत्पादन तथा  प्रशोधन, कपडा उत्पादन र अन्य धेरै कामहरुमा संलग्न छन् । गृह श्रमिकहरू नेपालभरि व्यापक रूपमा छरिएका छन्; यद्यपि, तिनीहरूको वास्तविक संख्याको बारेमा भरपर्दो तथ्यांकको भने अभाव  रहेको छ। पुरुषहरू निश्चित प्रकारका गृह श्रममा संलग्न भए पनि, महिलाहरूको यस क्षेत्रमा बहुमत रहेको छ, जसले यस क्षेत्रमा महिला संलग्नताको उच्च दरलाई प्रतिबिम्बित गर्दछ ।

नेपाली महिलाहरूको लागि घरेलु श्रम अनौपचारिक रोजगारीको एक महत्वपूर्ण स्रोत बन्दै गएको भए तापनि, उनीहरूको अवस्था र चुनौतीहरू बुझ्न विशेष अध्ययनहरू सञ्चालन गर्ने कुरामा सीमित मात्र ध्यान केन्द्रित गरिएको छ । घरेलु श्रमिकहरूको भरपर्दो र व्यापक तथ्यांकको अभावले नीति निर्माण र लक्षित कार्यक्रमहरू लागु गर्न चुनौती रहेको देखिन्छ।

यस तारकेश्वर नगरपालिकामा, धेरै महिलाहरू घरेलु तथा गृह श्रम मार्फत आफ्नो जीविकोपार्जन चलाइरहेका छन । उनीहरूको काम गर्ने अवस्था र चुनौतीहरूको अभिलेखीकरण गर्न तारकेश्वर नगरपालिकाको सहयोगमा, तरंगिनी फाउन्डेसनले महिला घरेलु तथा गृह श्रमिकहरूलाई लक्षित गरी सर्वेक्षण गरेको थियो । यस सर्वेक्षणको प्राथमिक उद्देश्य महिला घरेलु तथा गृह श्रमिकहरूले सामना गर्ने वास्तविकतालाई प्रतिबिम्बित गर्ने प्रमाणमा आधारित निष्कर्षहरू तयार पार्नु रहेको थियो । यी निष्कर्षहरूले उनीहरूको अधिकार सुनिश्चित गर्न, श्रमको मान्यता बढाउन र उनीहरूको समग्र काम गर्ने अवस्था सुधार गर्न ठोस भुमिका निर्वाह गर्नेछ ।

## ४. उद्देश्य

### सामान्य उद्देश्य

- तारकेश्वर नगरपालिकाका महिला घरेलु तथा गृह श्रमिकहरूको वर्तमान अवस्थाको विस्तृत मूल्याङ्कन गरी, तिनीहरूको अधिकार सुनिश्चित गर्ने, कामको सम्मान बढाउने तथा समग्र काम गर्ने अवस्थामा सुधार ल्याउन नगरपालिकाका निर्णय, नीति र कार्यक्रमहरू निर्माण तथा कार्यान्वयनका लागि प्रमाणमा आधारित सुझावहरू प्रदान गर्नु ।

### विशेष उद्देश्य

- तारकेश्वर नगरपालिकामा घरेलु श्रम र गृह श्रममा संलग्न महिलाहरूको सामाजिक-आर्थिक स्थिति र काम गर्ने अवस्थाबारे तथ्यांक संकलन गर्ने ।
- तारकेश्वर नगरपालिकामा घरेलु श्रमिक र गृह श्रमिकहरूले सामना गर्ने मुख्य चुनौती र समस्याहरूलाई व्यवस्थित रूपमा दस्तावेजीकरण गर्ने ।

- महिला घरेलु श्रमिक र गृह श्रमिकहरूको पहिचान गरिएका आवश्यक्ताहरूलाई सम्बोधन गर्न नगरपालिका स्तरमा लक्षित र प्रमाणमाआधारित नीतिहरूको विकास तथा कार्यान्वयन गर्न टेवा पुऱ्याउन उपयोगी तथ्यांक संकलन गर्ने र व्यावहारिक सिफारिसहरू तयार पार्ने ।

## ५. कार्यप्रणाली

तारकेश्वर नगरपालिकामा घरेलु र गृह श्रमिकहरूको अवस्थाको अनुसन्धान गर्न संरचित, वार्ड-आधारित दृष्टिकोण अपनाइएको थियो । अनुसन्धान पद्धतिमा निम्न मुख्य घटकहरू समावेश थिए:

- **उपकरण विकास:**

➢ तरंगिनी फाउन्डेसनले श्रमिकहरूको सामाजिक-आर्थिक अवस्था, र कार्यस्थलका चुनौतीहरूमा व्यवस्थित रूपमा तथ्यांक सङ्कलन गर्न एक व्यापक संरचित प्रश्नावलीको निर्माण गरेको थियो ।

- **तथ्यांक सङ्कलन:**

➢ भौगोलिक प्रतिनिधित्व सुनिश्चित गर्न नगरपालिका भित्रका सबै ११ वडाहरू समावेश गरिएको थियो ।

➢ तथ्यांक सङ्कलन प्रक्रियाको लागि २२ जना प्रशिक्षित तथ्यांक संकलनकर्ताहरू (प्रति वडा २ जना) परिचालन गरिएको थियो ।

➢ तथ्यांक संकलनकर्ताहरूले पहिले सामुदायिक पहुँच मार्फत श्रमिकहरूको पहिचान गरे, त्यसपछि प्रश्नावलीका आधारमा प्रत्यक्ष अन्तर्वार्ता लिएका थिए ।

- **तथ्यांक व्यवस्थापन:**

➢ सबै सङ्कलन गरिएका तथ्यांक तुरुन्तै गुगल फारमहरूमा प्रविष्ट गरियो ।

➢ वास्तविक-समय डिजिटल तथ्यांक प्रविष्टि प्रक्रियाले द्रुत प्रमाणीकरण सक्षम बनायो र त्रुटिहरू कम गर्यो ।

➢ डिजिटल डेटाबेसले प्रतिक्रियाहरूको व्यवस्थापन र परीक्षणलाई सहज बनायो


## ६. सर्वेक्षणका परिणामहरु

सर्वेक्षणका परिणामहरु व्यवस्थित तरिकाले तथ्यांक प्रशोधन र विश्लेषण मार्फत तयार गरिएको छ । गुगल फारमहरू मार्फत सङ्कलन गरिएका सबै सर्वेक्षण प्रतिक्रियाहरूलाई शुद्धता सुनिश्चित गर्न एक्सेलमा (Excel) पूर्ण प्रमाणीकरण र पुनः पुष्टि गरिएको थियो । तथ्यांकलाइ एक्सेल प्रयोग गरेर व्यापक मात्रात्मक विश्लेषण गरिएको थियो ।

सर्वेक्षणका परिणामहरु चार्ट र ग्राफहरूमा प्रस्तुत गरिएका छन् र तदनुसार व्याख्या गरिएका छन्।

## ६.१ जनसांख्यिक विवरण

६ १.१.प्रत्येक तथ्यांक संकलकर्ताद्वारा सङ्कलन गरिएको कुल तथ्यांक





*चार्ट १: तथ्यांक संकलनकर्ताले संकलन गरेको तथ्यांकको संख्या*

यस सर्वेक्षणमा २२ जना तथ्यांक संकलनकर्ताहरूले कुल ११२५ जना श्रमिक उत्तरदाताहरूको तथ्यांक सङ्कलन गरेका थिए। प्रत्येक वडामा, तथ्यांक सङ्कलन प्रक्रियाको लागि दुई जना तथ्यांक संकलनकर्ताहरू परिचालन गरिएको थियो। प्रत्येक तथ्यांक संकलनकर्ताहरूले सङ्कलन गरेको कुल तथ्यांकको संख्या यस प्रकार रहेको छ:

| क्र. स | तथ्यांक संकलनकर्ताको नाम | सङ्कलन गरिएको कुल तथ्यांक संख्या |
|---|---|---|
| १. | आरती खड्का | ४३ |
| २. | आश्मा पुटुवार | ३३ |
| ३. | अम्बिका कुमारी कार्की | ४६ |
| ४. | अमृता विश्वकर्मा | ५३ |
| ५. | अनिता ढकाल | ४९ |
| ६. | अन्जु सापकोटा | ५१ |
| ७. | बिना विश्वकर्मा | ५० |
| ८. | बिन्दा घले | ४३ |
| ९. | बिनिता आचार्य | ४७ |
| १०. | दुर्गा देवी खत्री | ७३ |
| ११. | ज्योति सापकोटा | ५१ |
| १२. | मधु खड्का | ५६ |
| १३. | महिमा अर्याल | २७ |
| १४. | निर्मला खड्का | ५१ |

| | | |
|---|---|---|
| १५. | रामदेवी जीसी | ४६ |
| १६. | रश्मि सापकोटा | ४७ |
| १७. | सबिना परियार | १०१ |
| १८. | शोभा गुरागाईं घिमिरे | ५२ |
| १९. | शोभा राई | ४० |
| २०. | सुमित्रा खत्री | ५१ |
| २१. | सुनी लामा | ६५ |
| २२. | सुस्मिता खड्का | ५० |
| | **जम्मा** | **११२५** |

## ६.१.२ प्रत्येक वडाबाट सङ्कलन गरिएको कुल तथ्यांक




*चार्ट २: हरेक वडाबाट संकलन गरिएको कुल तथ्यांक*


प्रत्येक वडाबाट सङ्कलन गरिएको कुल तथ्यांक विवरण:

| **क्र. स** | **वडा नम्बर** | **प्रत्येक वडाबाट सङ्कलन गरिएको कुल तथ्यांक** |
|---|---|---|
| १. | वडा नम्बर १ | ९८ |
| २. | वडा नम्बर २ | ९७ |
| ३. | वडा नम्बर ३ | १०४ |
| ४. | वडा नम्बर ४ | ८१ |

| | | |
|---|---|---|
| ५. | वडा नम्बर ५ | १६७ |
| ६. | वडा नम्बर ६ | ७० |
| ७. | वडा नम्बर ७ | १२२ |
| ८. | वडा नम्बर ८ | ९७ |
| ९. | वडा नम्बर ९ | ९८ |
| १०. | वडा नम्बर १० | ८४ |
| ११. | वडा नम्बर ११ | १०७ |
| | जम्मा | ११२५ |

माथि प्रस्तुत तथ्यांकको आधारमा, वडा नम्बर ५ मा सबैभन्दा बढी उत्तरदाता (१६७) रहेको देखाएको छ  भने वडा नम्बर ६ बाट सबैभन्दा कम उत्तरदाता (७०) रहेको देखिन्छ।


### ६.१.३ जातीयता




*चार्ट ३: जातियता*

यस सर्वेक्षणको परिणामले अधिकांश श्रमिकहरू जनजाति ५४१ (४८%) , त्यसपछि क्षेत्री २६६ (२४%), दलित समुदायका श्रमिकहरु १०९ (१०%) र बाँकी १७ (१%) अन्य जातीय समूहहरूबाट रहेको प्रस्तुत गरेको छ।


### ६.१.४ उमेर वर्गीकरण




*चार्ट ४: उमेर वर्गीकरण*

तथ्यांकले १,१२५ श्रमिकहरुमध्ये ९६.८% (१०९०) काम गर्ने उमेर समूहको (१९-६० वर्ष) रहेको देखाएको छ , जसमा सबैभन्दा बढी जनसंख्या २६-४० वर्ष उमेर समूहको ५५.६% (६२५) रहेको छ। (१४-१८)उमेर समूह र (६०+) उमेर समूहका सहभागीहरू ३५ (३.१% संयुक्त) रहेको यस तथ्यांकले जनाउँछ।


### ६.१.५ शैक्षिक योग्यता



*चार्ट ५: शैक्षिक योग्यता*

सर्वेक्षणअनुसार १,१२५ श्रमिकहरुमध्ये ३०९ (२७.५%) पढ्न र लेख्न असमर्थ छन् , २६० (२३.१%) ले ८ कक्षा भन्दा कम सम्म मात्र शिक्षा हासिल गरेका छन्। ८ देखि १० कक्षा उत्तीर्ण भएका १५२ (१३.५%) र १० कक्षा उत्तीर्ण भएको १५० (१३.३%) रहेको तथ्यांकले जनाउँछ भने १२ उत्तीर्ण गरेका २०२ (१८%) सहभागीहरु रहेका छन्। सर्वेक्षणअनुसार धैरै कमले मात्र उच्च शिक्षा हाँसिल गरेको देखिन्छ, केवल ४६ (४.१%) ले स्नातक डिग्री हासिल गरेका छन् र केवल ६ (०.५%) ले स्नातकोत्तर डिग्री हासिल गरेका छन्।


## ६.१.६ स्थायी ठेगाना




*चार्ट ६: स्थायी ठेगाना*

अधिकांश श्रमिकहरू स्थायी रूपमा नुवाकोटको रहेको  (२१५) र त्यसपछि धादिङको (१२५) रहेको तथ्यांकले देखाएको छ। त्यसैगरी श्रमिकहरु गोर्खा, रसुवा, काभ्रे, दोलखा, रामेछाप, सर्लाही, सिन्धुली, त्रिशुली, झापा, सोलुखुम्बु, उदयपुर, तनहु, खोटाङ, चितवन लगायत देशका विभिन्न ठाँउबाट रहेका छन्।


## ६.१.७ वैवाहिक स्थिति




*चार्ट ७: वैवाहिक स्थिति*

यस तथ्यांकले १,१२५ उत्तरदाताहरूको वैवाहिक स्थितिको विवरण प्रस्तुत गर्दछ। तथ्यांकले धेरैजसो (८५.२%, वा ९५८ व्यक्तिहरू) विवाहित, (६.१%, ६९ व्यक्तिहरू) एकल , र अविवाहित (८.४%, ९४ व्यक्तिहरू) रहेको दर्शाउछ। (०.४%, ४ व्यक्तिहरू) अन्य-सम्बन्ध विच्छेद भएको, अलग भएको, वा विधवा अन्तर्गतमा  देखिएको छ।

## ६.१.८ कामको प्रकृति





*चार्ट ८: घरेलु तथा गृह श्रमिकको संख्या*

तथ्यांकले १,१२५ श्रमिकहरूमा (६१.९%, वा ६९६ व्यक्तिहरू) गृह श्रमिकको रूपमा र बाँकी ३८.१% (४२९ व्यक्तिहरू) घरेलु श्रमिकको रुपमा संलग्न रहेको देखाएको छ ।

## ६.२ घरेलु श्रमिक

### ६.२.१ घरेलु काममा संलग्न वर्षहरू





*चार्ट ९: घरेलु श्रमिकको रुपमा कार्यरत अवधि*

तथ्यांकअनुसार ४२९ घरेलु श्रमिकहरूमध्ये १७७ श्रमिक (४१%) हरु १-५ वर्षदेखि कार्यरत रहेका छन् । ११६ श्रमिक (२७%) तुलनात्मक रूपमा नयाँ (१ वर्षभन्दा कम) रहेको देखिन्छ । थोरै संख्या मात्र यस क्षेत्रमा लामो समयदेखि संलग्न रहेको यस तथ्यांकले देखाएको छ : ८३ श्रमिक (१९%)को ५-१० वर्षको संलग्नता, र ५३ श्रमिक (१२%)को यस क्षेत्रमा १० वर्षभन्दा बढी देखि कार्यरत रहेको तथ्यांकले देखाएको छ ।

धेरैजसो श्रमिकहरू घरेलु श्रममा तुलनात्मक रूपमा नयाँ छन्। यसले यस पेशामा भर्खरै प्रवेश गरेको संकेत गर्छ । केवल (३१%) ले मात्र ५ वर्षभन्दा बढी काम गरेको देखिन्छ ।


### ६.२.२. पूर्ण कार्यसमय र आम्सिक कार्यसमय (Full time and Part Time)




*चार्ट १०: पूर्ण-समय र आंशिक-समय*

तथ्यांकले ४२९ घरेलु श्रमिकहरूमध्ये, धेरैजसो (७२%, ३०८ श्रमिक) पूर्ण समय काम गर्छन्, र केवल (२८%, १२१ श्रमिक)ले आंशिक समय काम गर्छन् भन्ने कुरा देखाएको छ।


## ६.२.३ दैनिक काम गर्ने समयावधि




*चार्ट ११: दैनिक काम गर्ने समयावधि*

तथ्यांकले ४२९ घरेलु श्रमिकहरूमध्ये, २०२ श्रमिक (४७%) दैनिक ६ देखि ८ घण्टा, ११३ श्रमिक (२६%)ले ४ देखि ६ घण्टा र ११४ श्रमिक (२७%)ले ८ घण्टाभन्दा बढी काम गर्ने गरेको दर्साउँछ | यसले घरेलु श्रमिकहरूमा अत्यधिक कार्यभार र अपर्याप्त आरामले उनीहरूको स्वास्थ्यलाई असर गर्ने संकेत गर्दछ।


## ६.२.४ कसरी घरेलु श्रममा संलग्न भएको




*चार्ट १२: घरेलु श्रममा कसरी संलग्न भएको*

घरेलु श्रममा अकसरी सलग्न हुनुभयो भन्ने प्रस्नमा उहाहरुको प्रतिक्रिया अनुसार तथ्यांकले ४२९ घरेलु श्रमिकहरू मध्ये २१२ श्रमिक (४९%)ले स्वयंले काम खोजेर यस क्षेत्रमा संलग्न भएको दर्साउँछ र १३७ श्रमिक (३२%) साथीहरू र ५८ श्रमिक (१४%) आफन्तहरू मार्फत यस काममा संलग्न भएको देखिन्छ। केवल १८ श्रमिक (४%) ले एजेन्टहरूमार्फत यस क्षेत्रमा प्रवेश गरेको, र अन्य ४ श्रमिक (१%) ले अन्य माध्यमहरू प्रयोग गरेको तथ्यांकले दर्साउँछ। अधिकांश श्रमिकहरूले व्यक्तिगत नेटवर्कहरू वा स्व-पहल मार्फत यस क्षेत्रमा संलग्न भएको देखिन्छ।


## ६.२.५ विभिन्न प्रकारका घरायसी काममा संलग्नता



*चार्ट १३: घरायसी कामको प्रकार*

४२९ घरेलु श्रमिकहरू मध्ये, वृद्ध/बालबालिकाको हेरचाहमा ९ (२.०९%) र लुगा धुने १० (२.३%), र भाडा माझ्ने १० (२.३%), रोजगारदाताको अन्य काम गर्ने ४३ (१०.०२%), गोडमेल गर्ने ३७ (८.६%) जस्ता कामहरुमा दैनिक संलग्न भएको तथ्यांकले देखाएको छ। २७% (११७ श्रमिक) "माथिका सबै" कामहरुमा जस्तै लुगा धुने, भाडा माझ्ने, घर सफा गर्ने कामहरुमा संलग्न भएको र १८१ श्रमिक (४२%) ले घरका अन्य कार्यहरूमा संलग्न रहेको यस तथ्यांकले प्रस्तुत गर्छ।


## ६.२.६ मासिक तलब




*चार्ट १४: मासिक तलब*

तथ्यांकले ४२९ घरेलु श्रमिकहरूमध्ये १८६ श्रमिक (४३%) ले ५,०००-१०,००० रुपैयाँ कमाउँछन्, १७२ श्रमिक (४०%) ले १०,००० रुपैयाँभन्दा माथि र ७१ श्रमिक (१७%) ले ५,००० रुपैयाँभन्दा कम कमाउँछन् भन्ने कुरा देखाएको छ।


### ६.२.७ कार्यस्थलमा बिदाको प्रावधान




*चार्ट १५: कार्यस्थलमा बिदाको प्रावधान*

तथ्यांकले २७१ श्रमिक (६३%) ले साप्ताहिक बिदा, १२४ श्रमिक (२९%) ले आवश्यक पर्दा मात्र बिदा, ५ श्रमिक (१%) ले मासिक, र १ श्रमिक (०.२%)ले चाडपर्व बिदा र १६ श्रमिक (४%) ले कुनै पनि बिदा पाउँदैनन् भन्ने देखाएको छ जसले यस क्षेत्रमा असमान श्रम मापदण्डहरू प्रतिबिम्बित गरेको छ।


### ६.२.८ काममा बिदा माग्दा मौखिक दुर्व्यवहार




*चार्ट १६: बिदा माग्दा मौखिक दुर्व्यवहार*

तथ्यांकले ४०२ श्रमिक (९४%) ले बिदाको लागि अनुरोध गर्दा मौखिक दुर्व्यवहारको सामना गर्न नपरेको र २७ श्रमिक (६%) ले बिदाको लागि अनुरोध गर्दा मौखिक दुर्व्यवहारको सामना गर्न परेको भन्ने देखाएको छ । धैरैजसो रोजगारदाताहरूले बिदाको अनुरोधको सन्दर्भमा घरेलु श्रमिकहरूलाई सम्मानजनक व्यवहार गरेतापनि अझै पनि केहि श्रमिकहरुले बिदा माग्दा मौखिक दुर्व्यवहार सहनु परेको देखिन्छ|


## ६.२.९ कामप्रति सन्तुष्टि




*चार्ट १७: काममा सन्तुष्टता*

तथ्यांकले ३४३ श्रमिक (८०%) आफ्नो कामबाट सन्तुष्ट रहेका छन भने ८६ श्रमिक (२०%) असन्तुष्ट रहेका छन् भन्ने देखाएको छ । यसले धैरैजसो घरेलु श्रमिकहरू आफ्नो कामबाट सन्तुष्ट छन् भन्ने संकेत गर्छ भने केहिले असन्तुष्टी व्यक्त गरेका छन जसले काम गर्ने अवस्था वा सुविधाहरूमा सुधार हुनु पर्ने कुरा जनाउँछ |


### ६.२.१० कार्यस्थलमा काम कसरी अर्हाउँछन्




*चार्ट १८: कार्यस्थलमा काम कसरी अर्हाउँछन्*

तथ्यांकले ४२२ श्रमिक (९८%) ले आफ्ना रोजगारदाताहरूले सम्मानजनक रूपमा काम लगाउने  देखाएको छ , भने केवल ७ श्रमिक (२%) ले रोजगारदाताबाट सम्मानजनक व्यवहार नभएको वयक्त गरेका छन। यसले धैरैजसो घरेलु श्रमिकहरूले कार्यस्थलमा राम्रो व्यवहार अनुभव गर्छन् भन्ने संकेत गर्छ, भने केहीले अनादर सहनु परेको प्रष्ट पार्छ ।


### ६.२.११ कार्यस्थलमा कुनै भेदभाव/दुर्व्यवहार




*चार्ट १९: कार्यस्थलमा कुनै भेदभाव / दुर्व्यवहार*

तथ्यांकले ४२० श्रमिक (९८%) ले कुनै दुर्व्यवहार/भेदभावको सामना नगरेको देखाएको छ , भने केहि श्रमिकहरुले मौखिक दुर्व्यवहार (१%), शारीरिक दुर्व्यवहार (०.२%), शौचालय प्रयोग गर्न नमिल्ने (०.७%), वा खाना खान ढिलाइ (०.२%) जस्ता समस्याहरूको सामना गर्नु परेको उल्लेख गरेका छन्|


## ६.२.१२ कार्यस्थलमा आफ्नो बालबालिकामाथि दुर्व्यवहार




*चार्ट २०: कार्यस्थलमा आफ्नो बालबालिकालाई दुर्व्यवहार*

तथ्यांकलअनुसार ४१४ श्रमिक (९६.५%)ले आफ्नो कार्यस्थलमा आफ्ना बालबालिकामाथि कुनै दुर्व्यवहार नभएको र १५ श्रमिक (३.५%)ले भने कार्यस्थलमा आफ्नो बालबालिकामाथि दुर्व्यवहार भएको कुरा जनाएका छन्|


## ६.२.१३ कामप्रति परिवारको सम्मान




*चार्ट २१: कामप्रति परिवार सम्मान*

तथ्यांकले ४१८ श्रमिक (९७%) लाई परिवारले कामको सम्मान गर्छ, भने ११ श्रमिक (३%) लाई आफ्नो परिवारले कामको सम्मान नगरेको कुरा जनाएका छन्|


### ६.२.१४ कामप्रति समाजको सम्मान




*चार्ट २२: कामप्रति समाजको सम्मान*

३८२ श्रमिक (८९%) ले समाजले आफ्नो कामको सम्मान गर्छ भन्ने बताए भने ४७ श्रमिक (११%)ले समाजले आफ्नो कामको सम्मान नगरेको भन्ने बताए | यसले घरेलु कामको व्यापक सामाजिक स्वीकृतिलाई संकेत गर्छ, भने केहि श्रमिकले अझै पनि आलोचनाको सामना गरिरहेका छन, जसले घरेलु श्रमको सामाजिक मान्यताको लागि काम गर्नु पर्ने देखिन्छ ।


### ६.२.१५ कार्यस्थलबाट लिखित सम्झौता



*चार्ट २३: कामबाट गर्ने ठाउँबाट लिखित सम्झौता*

तथ्यांकले ३८७ श्रमिक (९०%) सँग लिखित सम्झौता नभएको देखाएको छ  भने केवल ४२ श्रमिक (१०%) सँग औपचारिक सम्झौता भएको देखाएको छ। यसले व्यापक अनौपचारिक रोजगारी अवस्थालाई प्रकाश पार्छ, जसले गर्दा धेरैजसो घरेलु श्रमिकहरू कानुनी सुरक्षा वा जागिर सुरक्षाबाट वञ्चित छन्।


## ६.२.१६ श्रम संगठनसँग आबद्द




*चार्ट २४: श्रम संगठनसंग आबद्ध*

तथ्यांकअनुसार ४१४ श्रमिक (९६%) कुनै पनि श्रम संगठनसंग आबद्ध नभएको र केवल १५ श्रमिक (४%) मात्र श्रम संगठनसंग आबद्ध भएको देखिन्छ |


## ६.२.१७ नेपाल सरकारले अनिवार्य गरेको न्यूनतम ज्यालाबारे जानकारी




*चार्ट २५: न्युनतम पारिश्रमिकबारे जानकारी*

तथ्यांकले ३५१ श्रमिक (८२%) लाई सरकारले तोकेको न्यूनतम ज्यालाको बारेमा थाहा नभएको देखाएको छ  भने केवल ७८ श्रमिक (१८%) लाई मात्र यस बारे जानकारी रहेको देखाएको छ  । यसले श्रम कानूनको जागरूकतामा कमीलाई उजागर गरेको छ, जसले गर्दा अधिकांश घरेलु श्रमिकहरू कम तलब र शोषणको जोखिममा पर्न सक्ने कुरालाई औल्याएको छ।


### ६.२.१८ मानव अधिकार उल्लङ्घनबारे जानकारी




*चार्ट २६: मानव अधिकार उल्लङ्घनबारे जानकारी*

तथ्यांकले २१४ श्रमिक (५०%) लाई मानव अधिकार उल्लङ्घनको बारेमा थाहा भएको र २१५ श्रमिक (५०%) मा यस बारे जानकारी नभएको देखाएको छ  ।


### ६.२.१९ ओभरटाइम कामको लागि थप भुक्तानी




*चार्ट २७: ओभर टाइम काम गर्दा थप भुक्तानी*

तथ्यांकले २४३ श्रमिक (५७%) ले अतिरिक्त समयकाम गरेको ज्यालाको लागि थप तलब नपाउने गरेको र १८६ श्रमिक (४३%) ले अतिरिक्त समयकाम गरेको ज्यालाको लागि थप तलब पाउने गरेको देखाएको छ ।


### ६.२.२० चाडपर्वहरूमा बोनस वा अन्य कुनै पनि सुविधाहरू




*चार्ट २८: चाडपर्वको बेला बोनस वा थप सुबिधा*

तथ्यांकले १९३ श्रमिक (४५%) ले चाडपर्वहरूमा थप तलब वा सुविधा पाउने गरेको र २३६ श्रमिक (५५%) ले चाडपर्वहरूमा कुनै अतिरिक्त तलब वा सुविधा नपाएको भन्ने देखाएको छ ।


### ६.२.२१ मासिक आम्दानीमा सन्तुष्टि




*चार्ट २९: मासिक आम्दानीदेखि सन्तुष्ट*

तथ्यांकले २८६ श्रमिक (६७%) आफ्नो मासिक आम्दानीसँग सन्तुष्ट रहेको र १४३ श्रमिक (३३%) असन्तुष्ट रहेको भन्ने देखाएको छ। यसले दुई तिहाइ श्रमिकको लागि मासिक आम्दानी पर्याप्त रहेको देखाएको छ भने एक तिहाइ श्रमिकको लागि चाँही मासिक आम्दानी पर्याप्त नरहेको देखिएको छ।


### ६.२.२२ स्वास्थ्य बिमा




*चार्ट ३०: स्वास्थ्य बिमा*

तथ्यांकले ३३२ श्रमिक (७७%) मा स्वास्थ्य बिमा नगराएको र केवल २३% (९७ श्रमिक) मा मात्र स्वास्थ्य बिमा गराएको देखिएको छ । यसले सबै श्रमिकहरु स्वास्थ्य सेवाको पहुँचमा नरहेको देखिन्छ, जसले गर्दा अधिकांश घरेलु श्रमिकहरू आपतकालिन स्वास्थ्य अवस्थामा आर्थिक समस्याको सामना गर्न बाध्य हुने सम्भावना छ |


## ६.२.२३ स्व-हेरचाहको बारे जानकारी




*चार्ट ३१: स्व हेरचाहबारे जानकारी*

तथ्यांकले २५८ श्रमिक (६०%) स्व-हेरचाह बारे जानकार रहेको र १७१ श्रमिक (४०%) मा यस बारे जानकारी नरहेको देखाएको छ जसले घरेलु श्रमिकहरूमाझ स्व हेरचाहबारे जानकारीको आवश्यकतालाई प्रकाश पारेको छ ।


### ६.२.२४ कुनै पनि संस्थाले स्व-हेरचाह तालिम दिएको




*चार्ट ३२: कुनै संघ संस्थाले स्व हेरचाह तालिम दिएको*

तथ्यांकले ३७१ श्रमिक (८६%)ले कुनै पनि संस्था मार्फत स्व-हेरचाहको तालिम नपाएको र केवल ५८ श्रमिक (१४%) ले कुनै संस्था मार्फत स्व-हेरचाहको तालिम पाएको कुरा दर्साएको छ। यसले श्रमिकहरुमा स्व हेरचाह तालिमको आवश्यकता रहेको देखाएको छ ।


### ६.२.२५ मनोसामाजिक परामर्शबारे जानकारी




*चार्ट ३३: मनोसामाजिक परामर्श जानकारी*

तथ्यांकले २९६ श्रमिक (६९%) लाई मनोसामाजिक परामर्श बारे जानकारीको अभाव रहेको देखाएको छ , जबकि केवल १३३ श्रमिक (३१%) लाई  मात्र यसको जानकारी रहेको तथ्यांकले जनाउँछ। यसले मानसिक स्वास्थ्य जागरूकता कार्यक्रमहरूको आवश्यकतालाई संकेत गरेको छ ।


### ६.२.२६ मनोसामाजिक परामर्शको आवश्यकता




*चार्ट ३४: मनोसामाजिक परामर्श सेवाको आवश्यकता महशुस भएको*

तथ्यांकले ३६३ श्रमिक (८४%)ले मनोसामाजिक परामर्शको आवश्यकता महसुस नगरेको देखाएको छ , भने ६६ श्रमिक (१६%)ले यसको आवश्यकता महसुस गरेका छन् भन्ने तथ्यांकले जनाउँछ।

### ६.२.२७ थप सिपको आवश्यकता





*चार्ट ३५: थप सिपको आवश्यकता*

सर्वेक्षणको उत्तरदाताहरुलाई थप शिप आवस्यक रहेको वा नरहेको भनेर प्रस्न गर्दा ३०७ (७२%) जना श्रमिकलाई थप सिप आवश्यक रहेको भनि जानकारी गराएको देखाएको छ भने २८% (१२२) जना श्रमिकलाई थप सिप आवश्यक नरहेको भनि जानकारी गराएको देखाएको छ |

## ६.३ गृह श्रमिक


### ६.३.१ हाल संलग्न कामहरु




*चार्ट ३६: हाल संलग्न कामहरु*

कुल ६९६ गृह श्रमिकहरू मध्ये १३९ जना सिलाई र बुनाईमा संलग्न, ६४ जना माला बनाउने, ११३ जना धूपका काठ उत्पादन गर्ने र ८१ जना पुतली बनाउने काममा संलग्न रहेको तथ्यांकले जनाउँछ । सबैभन्दा बढी संख्या, २९९ श्रमिकहरु अन्य कामहरुमा संलग्न रहेको देखिएको छ |


### ६.३.२ गृह श्रमिकको रूपमा संलग्न भएको समयावधि




*चार्ट ३७: गृह श्रममा संलग्न  भएको समयावधि*

अधिकांश श्रमिकहरू २८३ (४१%) १-५ वर्षदेखि गृह श्रममा संलग्न रहेका छन् | दोस्रो सबैभन्दा ठूलो समूह १६८ (२४%) एक वर्ष भन्दा कम समयदेखि संलग्न छन्। त्यसैगरी, १५२ (२२%) १० वर्ष भन्दा बढी समयदेखि संलग्न छन्। ९३ (१३%) ले ५-१० वर्षदेखि काम गरिरहेका छन्। समग्रमा, तथ्यांकले नयाँ प्रवेशकर्ताहरू र अनुभवी व्यक्तिहरू दुवै गृह श्रममा संलग्न रहेको देखाएको छ।


### ६.३.३ दैनिक काम गर्ने समयावधि




*चार्ट ३८: दैनिक काम  गर्ने समयावाधि*

यस चार्टले ६९६ गृह श्रमिकहरूको दैनिक काम गर्ने समयलाई चित्रण गर्दछ। ३९६ (५७%) महिलाले प्रति दिन ४ देखि ६ घण्टा काम गर्ने गरेको पाइएको छ भने २२४ (३२%) महिलाले प्रति दिन ६ देखि ८ घण्टा काम गर्ने गरेको पाइएको छ। ७६ (११%) महिलाहरू दिनको ८ घण्टा भन्दा बढी काममा संलग्न छन्, जसले अत्यधिक कार्यभार र लामो काम गर्ने समयावधिलाई प्रतिबिम्बित गर्दछ। कुनै निश्चित काम गर्ने समय निर्धारण नगरिएकोले गर्दा धेरै गृह श्रमिक महिलाहरूले अनावश्यक अत्यधिक कार्यभार र दबाब अनुभव गर्न बाध्य भएको देखिन्छ |


### ६.३.४ गृह श्रममा कसरी संलग्न भएको




*चार्ट ३९: गृह श्रममा कसरी जोडिएको*

६९६ श्रमिकहरू मध्ये, ४७५ (६८%) व्यक्तिहरूले आफ्नो काम आफ्नै पहलमा सुरु गरेको बताए। १६७ (२४%) व्यक्तिहरू साथीहरू मार्फत र ५० (७%) जना आफन्तहरू मार्फत यस काममा प्रवेश गरेको जनाए। केवल २ जना उत्तरदाताहरूले एजेन्टहरू मार्फत यस क्षेत्रमा प्रवेश गरेको र अन्य २ जना श्रमिकहरूले अन्य माध्यमबाट यस क्षेत्रमा प्रवेश गरेको जनाए।


## ६.३.५ मासिक तलब




*चार्ट ४०: काम तलब*

६९६ श्रमिकहरूमध्ये २६६ (३८%)जनाले ५,००० देखि १०,००० सम्म, २४५(३५% )जनाले ५,००० भन्दा कम, ११३ (१६%) जनाले १०,००० देखि १५,००० सम्म, ४७ ( ७%) जनाले १५,००० देखि २०,००० सम्म र केवल २५ (४%)जनाले २०,००० भन्दा बढी आम्दानी गर्ने गरेको यस तथ्यांकबाट प्रस्तुत हुन्छ ।


## ६.३.६ काममा बिदाको प्रावधान




*चार्ट ४१: काममा छुट्टीको व्यवस्था*

६९६ श्रमिकहरू मध्ये, ६२४(९०%) ले कामबाट बिदा पाएको बताए, भने ७२(१०%) ले कुनै पनि बिदा नपाएको बताए। यसले उल्लेखनीय संख्यामा श्रमिकहरूलाई पर्याप्त बिदा र आराम प्रदान गरिएको छैन भन्ने कुरालाई प्रकाश पार्छ, जसले उनीहरूको स्वास्थ्य, कल्याण र उत्पादकत्वमा नकारात्मक असर पार्छ।


## ६.३.७ छुट्टी पाउने अन्तराल




*चार्ट ४२: छुट्टी पाउने अन्तराल*

यस तथ्यांकमा प्राप्त उत्तरदाताका प्रतिक्रिया अनुसार ६९६ श्रमिकहरूमध्ये, ३७२ (५३%) जनाले हप्तामा एक पटक बिदा पाउँछन्, २९१ (४२%) जनाले आवश्यक पर्दा मात्र बिदा पाउँछन्, २७ (४%) जनाले महिनामा एक पटक बिदा पाउँछन्, र केवल ६ (१%) जनाले प्रत्येक दुई हप्तामा बिदा पाउँछन् भन्ने देखिएको छ। यसले धेरै श्रमिकहरूलाई पर्याप्त बिदा प्रदान गरिएको छैन र आरामको लागि पर्याप्त समय पाउँदैनन भन्ने संकेत गरेको छ।


## ६.३.८ बिदाको व्यवस्था




*चार्ट ४३: बिदाको व्यवस्थ*

६९६ श्रमिकहरूमध्ये, ५५६ (८०%)ले बिरामी बिदा, चाडपर्व बिदा सहित सबै प्रकारका बिदा प्राप्त गरेको बताए | ६४ (९%) जनाले चाडपर्वहरूमा मात्र बिदा पाएको, १९ (३%)जनाले बिरामी बिदा मात्र पाएको र ५२ (७%) जनाले कुनै पनि बिदा नपाएको भन्ने तथ्यांकले देखाएको छ |


### ६.३.९ बिदा माग्दा मौखिक दुर्व्यवहार




*चार्ट ४४: बिदा माग्दा मौखिक दुर्व्यवहार*

६९६ गृह श्रमिकहरु मध्ये, ६८३ (९८%) ले बिदाको लागि अनुरोध गर्दा मौखिक दुर्व्यवहारको सामना नगरेको रिपोर्ट गरे, जबकि १३ (२%) जनाले मौखिक दुर्व्यवहारको सामना गर्ने बताए। अधिकांश यस्ता दुर्व्यवहारबाट मुक्त छन्, केही श्रमिकहरूले अझै पनि बिदा माग्दा मौखिक दुर्व्यवहारको सामना गर्नु पर्ने तथ्यले एउटा चिन्ताजनक मुद्दालाई उजागर गर्दछ जुन सम्मानजनक रोजगारको वातावरण सुनिश्चित गर्न सम्बोधन गर्न आवश्यक छ।


### ६.३.१० कामप्रति सन्तुष्टि




*चार्ट ४५: काममा सन्तुष्टता*

तथ्यांकले ६९६ श्रमिकमध्ये ५६४ (८१%)ले आफ्नो कामबाट सन्तुष्ट रहेको र १३२(१९%) ले असन्तुष्टि व्यक्त गरेको देखाएको छ।


## ६.३.११ आफ्नो कामप्रति परिवारको सम्मान




*चार्ट ४६: कामप्रति परिवारको सम्मान*

६९६ श्रमिकहरू मध्ये, ६८७ (९८.७%) ले आफ्नो परिवारले आफुहरुले गर्ने कामको सम्मान गर्ने बताए, भने ९ जना (१.३%) ले मात्र कामको बारेमा परिवारबाट सम्मानको कमी भएको बताए।


### ६.३.१२ कामप्रति समाजको सम्मान




*चार्ट ४७: कामप्रति समाजको सम्मान*

तथ्यांकबाट ६९६ श्रमिकहरूमध्ये ६७० (९६.३%) ले समाजले उनीहरूले गर्ने कामको सम्मान गर्छ भन्ने महसुस गर्छन् भने २६ (३.७%) ले आफ्नो कामको लागि समाजबाट सम्मानित महसुस गर्दैनन् भन्ने देखाएको छ।


### ६.३.१३ गृह श्रमिकको रूपमा दर्ता भएको




*चार्ट ४८: दर्ता भएको*

तथ्यांकअनुसार ६९६ श्रमिकहरूमध्ये, केवल २९ (४.२%) ले औपचारिक रूपमा दर्ता भएको बताए भने ६६७ (९५.८%) दर्ता भएका छैनन्। यसले गृह श्रममा धेरै कम मात्रै औपचारिकीकरण वा संस्थागत संजालमा आएको अवस्थालाइ इंकित गरेको छ।


### ६.३.१४ कार्यस्थलबाट लिखित सम्झौता




*चार्ट ४९: काम गर्ने ठाउँबाट लिखित सम्झौता प्राप्त*

तथ्यांकले ६९६ श्रमिकहरूमध्ये केवल २० (२.९%) ले आफ्नो रोजगारदाता वा कार्यस्थलबाट लिखित कार्य सम्झौता प्राप्त गरेको बताएको देखाएको छ, जबकि अधिकतम ६७६ (९७.१%) ले कुनै औपचारिक लिखित सम्झौता प्राप्त गरेका छैनन्। यसले श्रमिकहरूको लागि औपचारिक रोजगार सम्झौता वा कानुनी सुरक्षाको अत्यन्त कम्जोर अवस्थालाइ संकेत गर्दछ।


### ६.३.१५ कुनै श्रम संगठनसँग आबद्ध



*चार्ट ५०: कुनै श्रम संगठनसँग आबद्ध*

तथ्यांकअनुसार ६९६ श्रमिकहरूमध्ये, केवल २१ (३.०%) श्रम संगठनसंग  आबद्ध भएका छन्, भने  ६७५ (९७.०%) कुनै संगठनसंग आबद्द रहेका छैनन |


### ६.३.१६ नेपाल सरकारले तोकेको न्यूनतम ज्याला बारे जानकारी




*चार्ट ५१: न्युनतम पारिश्रमिकबारे जानकारी*

तथ्यांकअनुसार ६९६ श्रमिकहरूमध्ये केवल १३५ (१९.४%) लाई सरकारले अनिवार्य गरेको न्यूनतम ज्यालाको बारेमा थाहा रहेको देखाएको छ  भने बहुमत, ५६१ (८०.६%) लाई यसको बारेमा कुनै जानकारी नभएको बताएका छन। यसले यस क्षेत्रका श्रमिकहरूमा श्रम अधिकार र ज्याला सुरक्षाको बारेमा जागरूकताको उल्लेखनीय अभाव रहेको संकेत गर्छ।


### ६.३.१७ मानव अधिकार उल्लङ्घन बारे जानकारी




*चार्ट ५२: मानव अधिकार उल्लङ्घनबारे जानकारी*

तथ्यांकले ६९६ श्रमिकहरूमध्ये ३२६ (४६.८%) ले मानव अधिकार उल्लङ्घनको बारेमा जानकारी रहेको बताएको देखाएको छ, भने ३७० (५३.२%) श्रमिक यसबारे अनभिज्ञ रहेका छन्। यसले संकेत गर्दछ कि आधि भन्दा बढी श्रमिकहरू मानव अधिकार सरोकारहरूको बारेमा अनभिज्ञ छन्, जसले यस क्षेत्रमा ठूलो जागरूकता पहलहरूको आवश्यकतालाई प्रकाश पार्छ।


### ६.३.१८ ओभरटाइम काम गरेबापत थप भुक्तानी



*चार्ट ५३: ओभरटाइम काम गरेबापत थप भुक्तानी*

६९६ श्रमिकहरूमध्ये २५५ (३६.६%) ले ओभरटाइम कामको लागि अतिरिक्त भुक्तानी प्राप्त गरेको जानकारी गराएका छन, भने ४४१ (६३.४%) ले आफ्नो नियमित घण्टाभन्दा बढी काम गरेबापत कुनै थप भुक्तानी प्राप्त नगरेको जानकारी गराएका छन्।


## ६.३.१९ चाडपर्वहरूमा बोनस वा अन्य सुविधाहरू




*चार्ट ५४: चाडपर्वको बेला बोनस वा अन्य सुबिधा*

६९६ श्रमिकहरूमध्ये, केवल १४७ (२१.१%) ले चाडपर्व/विशेष अवसरहरूमा थप तलब वा सुविधाहरू प्राप्त गरेको व्यक्त गरेका छन, भने ५४९ (७८.९%) ले कुनै थप तलब वा सुविधाहरू प्राप्त नगरेको बताएका छन जसले यस क्षेत्रमा श्रमिक सुरक्षा र निष्पक्ष श्रम अभ्यासहरूमा रहेको नाजुग अवस्थालाई प्रकाश पार्छ।


### ६.३.२० मासिक आम्दानीमा सन्तुष्टि




*चार्ट ५५: मासिक आम्दानीमा सन्तुष्ट*

६९६ श्रमिकहरूमध्ये ४८० (६९.०%) ले आफ्नो मासिक आम्दानीबाट सन्तुष्ट रहेको बताएका छन् भने २१६ (३१.०%) ले असन्तुष्टि व्यक्त गरेका छन्। यसले संकेत गर्छ कि अधिकांश श्रमिकहरूले आफ्नो आम्दानीबाट सन्तुष्ट महसुस गरे पनि, लगभग एक तिहाइले आफ्नो आम्दानी अपर्याप्त रहेको महसुस गरेका छन ।


### ६.३.२१ स्वास्थ्य बिमा




*चार्ट ५६: स्वास्थ्य बिमा*

तथ्यांकले ६९६ श्रमिकहरूमध्ये, केवल १९२ (२७.६%) ले स्वास्थ्य बिमा गरेको र ५०४ (७२.४%) ले स्वास्थ्य बिमा नगरेको देखाएको छ ।


### ६.३.२२ स्व-हेरचाहबारे जानकारी




*चार्ट ५७: स्व-हेरचाह बारे जानकारी*

तथ्यांकले ६९६ श्रमिकहरूमध्ये, ४०१ (५७.६%) मा स्व-हेरचाह अभ्यासहरूको बारेमा ज्ञान रहेको र २९५ (४२.४%) मा स्व हेरचाहबारे जानकारी नरहेको प्रस्तुत गर्छ , जसले यस श्रमिक जनसंख्यामा लक्षित स्वास्थ्य शिक्षा पहलहरूको आवश्यकतालाई प्रकाश पारेको छ।


### ६.३.२३ कुनै पनि संस्थाद्वारा प्रदान गरिएको स्व-हेरचाह तालिम




*चार्ट ५८: स्व -हेरचाह तालिम प्राप्त*

तथ्यांक अनुसार ६९६ श्रमिकहरूमध्ये, केवल ९८ (१४.१%) ले कुनै संस्थाबाट स्व-हेरचाह तालिम प्राप्त गरेका छन, भने ५९८ (८५.९%) ले स्व-हेरचाह तालिम प्राप्त गरेका छैनन्। यसले धेरैजसो श्रमिकहरूसँग स्व-हेरचाह अभ्यासहरूमा औपचारिक मार्गदर्शनको अभाव रहेको देखाएको छ ।


### ६.३.२४ मनोसामाजिक परामर्शको बारेमा जानकारी




*चार्ट ५९: मनोसामाजिक परामर्श जानकारी*

तथ्यांकले ६९६ श्रमिकहरूमध्ये केवल २१२ (३०.५%) लाई मनोसामाजिक परामर्श सेवाहरूको बारेमा जानकारी रहेको देखाएको छ भने ४८४ (६९.५%) लाई मनोसामाजिक परामर्श बारेमा कुनै जानकारी नरहेको देखिएको छ। यसले मानसिक स्वास्थ्य जागरूकतामा अझै पनि धेरै जनाको अनबिज्ञता रहेको कुरालाई उजागर गरेको छ।


### ६.३.२५ मनोसामाजिक परामर्शको आवश्यकता




*चार्ट ६०: मनोसामाजिक परामर्शको आवश्यकता महशुस*

तथ्यांकअनुसार ६९६ श्रमिकहरूमध्ये १३३ (१९.१%) ले मनोसामाजिक परामर्शको आवश्यकता महसुस गरेका छन्, भने ५६३ (८०.९%) ले मनोसामाजिक परामर्श आवश्यकता महसुस गरेका छैनन्।

### ६.३.२६ थप सिपको आवश्यकता




*चार्ट ६१: थप सिपको आवश्यकता*

६९६ श्रमिकहरूमध्ये ४६२ उत्तरदाताहरूले थप सिपको आवश्यकताको बारेमा उल्लेख गरे भने २३४ उत्तरदाताहरूले थप सिपको आवश्यकता नरहेको बारेमा उल्लेख गरे। यो तथ्यांकले सिप विकास कार्यक्रमहरूको स्पष्ट मागलाई उजागर गर्दछ, जसले श्रमिकहरूको आवश्यकतालाई सम्बोधन गर्न सान्दर्भिक तालिम अवसरहरू निर्माण र प्रदान गर्ने महत्त्वलाई जोड दिन्छ।

## घरेलु र गृह श्रमिकहरूको सर्वेक्षणबाट प्राप्त प्रमुख निष्कर्षहरू

- जनसांख्यिक विवरण

  तारकेश्वर नगरपालिकाका सबै ११ वडाहरूमा १,१२५ श्रमिकहरू (४२९ घरेलु श्रमिक र ६९६ गृह श्रमिक) लाई समेटीएको थियो। तथ्यांकअनुसार अधिकांश (८६.५%) काम गर्ने उमेरका (१९-६० वर्ष) थिए, जसमध्ये ५५.६% २६-४० वर्षका छन्। जनजाति श्रमिकहरूको सबैभन्दा ठूलो जातीय समूह (४८%) रहेको थियो , त्यसपछि क्षेत्री (२४%) र ब्राह्मण (१७%) छन्। शिक्षा स्तर कम रहेको छ , ५०.६% ले ८ औं कक्षाभन्दा कम वा औपचारिक शिक्षा हाँसिल नगरेको, र केवल ४.६% ले मात्र स्नातक तह वा सोभन्दा माथिको डिग्री हासिल गरेका छन्। अधिकांश श्रमिकहरू (८५.२%) विवाहित थिए, जसले यस क्षेत्रमा महिलाहरूको लागि काम र पारिवारिक हेरचाहको दोहोरो बोझमा रहेको तथ्यलाई प्रकाश पार्छ |

- महिला घरेलु श्रमिकहरुको वर्तमान अवस्था

  तथ्यांकअनुसार ४२९ घरेलु श्रमिकहरूमध्ये ७२% ले फुल टाइम काम गर्छन, मुख्यतया घर सफाई, बाल हेरचाह र वृद्धवृद्धाको हेरचाहमा संलग्न छन्। ४७% ले दैनिक ६-८ घण्टा काम गर्छन् भने २७% ले ओभरटाइम तलब बिना ८ घण्टाभन्दा बढी काम गर्छन्। ४३% ले प्रति महिना ५,०००-१०,००० रुपैयाँ कमाउँछन्, तर १७% ले ५,००० रुपैयाँभन्दा कम कमाउँछन्। ६३% ले साप्ताहिक बिदा पाए पनि, ५५% ले कुनै चाडपर्व बोनस पाउंदैनन, र ५७% ले ओभरटाइमको लागि भुक्तानी पाउँदैनन्। चिन्ताजनक रूपमा, ९०% सँग लिखित सम्झौता छैन, ९६% असङ्गठित छन्, र ८२% लाई न्यूनतम ज्याला सम्बन्धि कानूनको बारेमा जानकारी छैन। ९४% ले कुनै मौखिक दुर्व्यवहारको सामना गर्नु परेको छैन भने बिदाको लागि अनुरोध गर्दा ६% ले दुर्व्यवहार भोग्नु परेको र ३.५% ले कार्यस्थलमा आफ्ना बालबालिकाहरूमाथि दुर्व्यवहार भएको अनुभव गरेका छन्|

- महिला गृह श्रमिकहरूको वर्तमान अवस्था

  तथ्यांकअनुसार ६९६ गृह श्रमिकहरू मुख्यतया सिलाई, हस्तकला र धूप बनाउने काममा संलग्न छन्, जसमध्ये ५७% ले दैनिक ४-६ घण्टा काम गर्छन्। ३८% ले प्रति महिना ५,००० भन्दा कम कमाउँछन्, र ६३% ले कुनै ओभरटाइम काम गरे बापत थप तलब पाउँदैनन्। गृह श्रमिकहरू जस्तै, ९७% सँग कुनै लिखित सम्झौता रहेको छैन , ९५% कतै दर्ता भएका छैनन्, र ८१% न्यूनतम ज्यालाको बारेमा जानकार छैनन् | त्यसैगरी ९६% ले आफ्नो कामको लागि सामाजिक सम्मान महसुस गरेका छन् | ७८% ले कुनै चाडपर्व बोनस वा अन्य सुबिधा पाएका छैनन् , र ७३% ले स्वास्थ्य बिमा नगरेको तथ्यांकबाट प्रस्ट हुन्छ। गम्भीर रूपमा, ८६% ले कहिल्यै स्व-हेरचाह तालिम प्राप्त गरेका थिएनन्, र ७०% ले मनोसामाजिक परामर्शबाट अनभिज्ञ थिए भने १९% ले मनोसामाजिक परामर्शको आवश्यकता भएको महसुश गरेका छन्।

## सिफारिसहरू

१. घरेलु र गृह श्रमलाई औपचारिक बनाउने

- घरेलु र गृह श्रमिकहरूको लागि लिखित सम्झौता अनिवार्य बनाउने
- श्रमिकहरूको अभिलेख राख्न र जवाफदेहिता सुनिश्चित गर्न नगरपालिकामा श्रमिकहरुको दर्ता गर्ने र वडामा दर्ता भएका श्रमिकहरुलाई वडाले सिफारिस गर्ने जसले गर्दा घरेलु श्रम औपचारिकिकरण हुन मद्धत पुग्छ |

२. श्रम अधिकार लागू गर्ने

- कानूनअनुसार न्यूनतम ज्याला, ओभरटाइम तलब, र गुनासो सुनुवाई संयन्त्रहरूबारे कार्यशालाहरू सञ्चालन गर्ने।
- ट्रेड युनियनहरूसँग साझेदारी गर्ने

३. सामाजिक सुरक्षामा सुधार

- स्वास्थ्य बीमा लागु गर्ने
- चाडपर्व बोनस र तलबी बिदा योजनाहरू लागू गर्ने

४. दुर्व्यवहार र शोषण न्यूनीकरण

- दुर्व्यवहार र भेदभावको रिपोर्ट गर्न हेल्पलाइनहरू सिर्जना गर्ने
- रोजगारदाताहरूलाई निष्पक्ष श्रम अभ्यास र श्रमिकहरूको मर्यादाको बारेमा तालिम दिने

५. मानसिक स्वास्थ्य सहयोग बढाउने

- पालिकाद्वारा मनोविमर्श सेवा प्रदान गर्ने
- समुदायमा स्व-हेरचाह तालिम संचालन गर्ने

## निष्कर्ष

तारकेश्वर नगरपालिकाका सबै ११ वडाहरूमा गरिएको सर्वेक्षणमा नगरपालिका भित्रबाट कुल १,१२५ जना श्रमिकहरु सहभागी थिए। तारकेश्वर नगरपालिकाका घरेलु श्रमिक र गृह श्रमिकहरूमाझ गरिएको यो सर्वेक्षणले श्रमिकहरुको काम गर्ने अवस्था, चुनौती र आवश्यकताहरूमा महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गरेको छ।

कम र अपर्याप्त ज्याला, उचित बिदा र आरामको अभाव, काम गर्ने समयावधिको कुनै निश्चित सीमा बिना अत्यधिक कामको बोझ, ओभरटाइमको लागि कुनै थप भुक्तानी नभएको , औपचारिक सुविधाहरू र सामाजिक सुरक्षामा पहुँचको अभाव र अनादर पूर्ण व्यवहार; यी घरेलु र गृह श्रमिकहरूले सामना गर्ने केही कठोर वास्तविकताहरू मात्र हुन्। धेरैले आफ्ना रोजगारदाताहरूबाट दुर्व्यवहार भोग्छन्, शौचालयमा पहुँचबाट वञ्चित हुने वा समयमै खाना नदिइने जस्ता भेदभावपूर्ण अभ्यासहरूको सामना गर्छन्, र आफ्नै बालबालिकाहरूलाई पनि आफ्नो कार्यस्थलमा सुरक्षित नरहेको महसुस गर्छन। अझ परिवार र समाजबाट यस्ता श्रमले मान्यता र सम्मान

पाँउदैनन् । यी अवस्थाहरूले गर्दा घरेलु र गृह श्रमिकहरूको अधिकार, मान्यता, सम्मान र सुरक्षाको तत्काल आवश्यकतालाई प्रकाश पार्दछ, जो हरेक दिन जीविकोपार्जन गर्न र आफ्नो परिवार चलाउन संघर्ष गर्दछन्। यी चुनौतीहरूको बावजुद, राम्रो अवसरहरूको आशा गर्दै धेरै श्रमिकहरूले आफ्नो काम जारी राख्छन्।

रोजगारीलाई औपचारिकीकरण गरी, श्रम अधिकारबारे जागरूकता बढाई, र सामाजिक सुरक्षामा लगानी गर्ने वातावरण बनाई, नगरपालिकाले यी श्रमिकहरूको जीवनलाई रूपान्तरण गर्न सक्छ र नेपालमा समावेशी श्रम नीतिहरूको लागि उदाहरणको रुपमा स्थापित हुन सक्छ। बन्द ढोका पछाडि घरपरिवार र अर्थतन्त्रलाई टिकाउने श्रमिकहरूका लागि सम्मान, मर्यादा, निष्पक्षता र न्याय सुनिश्चित गर्न जरुरी छ।

त्यसकारण, स्थानीय सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूले यस नगरपालिकाका घरेलु र गृह श्रमिकहरूको अधिकार र मान्यता सुनिश्चित गर्न समन्वय र सहकार्य गर्न जरुरी छ साथै जोखिममा रहेका श्रमिकहरुको निरन्तर अनुगमन र सहयोगले तारकेश्वर नगरपालिकामा सुरक्षित, सम्मानजनक र समतामूलक काम गर्ने वातावरण निर्माण सम्भव छ ।

यस सर्वेक्षणले तारकेश्वर नगरपालिकामा महिला घरेलु श्रमिक र गृह श्रमिकहरूको वर्तमान अवस्था बुझ्न सहयोग पुर्‍याएको छ , जसले गर्दा स्थानीय सरकारलाई महिला घरेलु श्रमिक र गृह श्रमिकहरूको पहिचान गरिएका आवश्यकताहरूलाई सम्बोधन गर्न, निर्णयहरू लिन र रणनीतिहरू बनाई र कार्यान्वयन गर्न मद्धत पुग्ने छ ।